# धर्मदेवी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

मुढेशनिंधरे, सङ्खुवासभा
कोशी प्रदेश, नेपाल

**विषयः-कर्मचारीको तह वृद्दि सम्बन्धि सूचना प्रकाशन गरिएको सम्बन्धमा ।**

(सूचना प्रकाशित मितिः-२०८३।३।१)

धर्मदेवी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय र मातहतका कार्यालयमा कार्यरत स्थायी कर्मचारीहरुको तह वृद्दिका लागि " स्थानीय सरकारी सेवा ( गठन तथा सञ्चालन ) ऐन, २०८०" अनुसार योग्यता पुगेका कर्मचारीहरुले तपसिल बमोजिमा कागजात सहित ऐनको दफा २७ को (३) बमोजिम यस कार्यालयमा सूचना प्रकाशन भएको मितिले ३० दिनभित्र निवेदन पेस गर्नुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिलः-

१. स्थानीय सरकारी सेवा ( गठन तथा सञ्चालन ) ऐन, २०८० को दफा ४ को उपदफा (५) बमोजिम योग्यता पुगेका कर्मचारीको हकमा निम्न अनुसारको कागजात सहित निबेदन पेस गर्नु हुन।

(क) स्थायी नियुक्ति पत्र र समायोजन पत्र वा समायोजन मिलान पत्र सहितको निवेदन।

२. स्थानीय सरकारी सेवा ( गठन तथा सञ्चालन ) ऐन, २०८० को दफा ८ को उपदफा (१६) र (१७) बमोजिम योग्यता पुगेका कर्मचारीहरुको हकमा निम्न कागजात सहित निबेदन पेस गर्नु हुन।

(क) स्थायी नियुक्ति पत्र,

(ख) समायोजन भएको पत्र वा लोकसेवा आयोग वा प्रदेश लोक सेवा आयोगबाट प्राप्त सिफारिस तथा नियुक्ति पत्र,

(ग) शैक्षिक योग्यताको प्रमाण-पत्रको प्रतिलिपी ।

३. स्थानीय सरकारी सेवा ( गठन तथा सञ्चालन ) ऐन, २०८० को दफा २७ को उपदफा (१) बमोजिम योग्यता पुगेका कर्मचारीहरुको हकमा निम्न कागजात सहित निबेदन पेस गर्नु हुन।

(क) स्थायी नियुक्ति / बढुवा / तह वृद्दिको पत्र,

(ख) पछिल्लो तीन वर्षको कार्यसम्पादन मुल्याङ्कन फारम,

(ग) शैक्षिक योग्यताको प्रमाण-पत्रको प्रतिलिपी,

(घ) स्थानीय सरकारी सेवामा समायोजन भएको कर्मचारीको हकमा समायोजन भएको पत्र।

२०८३।३।१

प्रकाश गुरुङ्ग
प्रमुख प्रशासकीय अधिकृत

☎फोन नं. :०२९-४१४००६, ०२९-४१४००७, ०२९-४१४००८, gmail : dharmadevimun@gmail.com, website : www.dharmadevimun.gov.np

"स्वच्छ,सुन्दर घर, गाउँ, शहर, विकास र समृद्धि धर्मदेवीको रहर"

Scanned with CamScanner